# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

1840 HRS 17/10/2025

## 1. Union MoS Governor Visit – Vishnu Neopany

केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण राज्यमन्त्री निमुबेन जयन्तिभाई बाम्भानियाले आज राजभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो। यो भेटवार्ता राज्यको विकास र केन्द्र प्रायोजित परियोजनाहरूको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेको थियो। भेटका क्रममा उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्रालयअन्तर्गतका पहल र योजनाहरूको प्रगतिबारे विस्तृत छलफल भएको थियो। साथै सिक्किम र सम्पूर्ण पूर्वोत्तर क्षेत्रको विकास र उन्नतिको लागि केन्द्र प्रायोजित परियोजनाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने विषयमा जोड दिइएको थियो।

## 2. Union MoS - BJP Office – Shekhar Khawas

केन्द्रीय राज्यमन्त्री बम्भानियाले जैविक खेतीको क्षेत्रमा सिक्किम राज्यको आत्मनिर्भरताको प्रशंसा गर्नुभएको छ। केन्द्रीय राज्यमन्त्रीले आज राजधानी गान्तोकस्थित भारतीय जनता पार्टी, सिक्किम प्रदेशको कार्यालयमा आत्मनिर्भर भारत कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा सिक्किम राज्यको प्रशंसा गर्नुभएको हो। उहाँले भन्नुभयो, आत्मनिर्भरताको क्षेत्रमा सिक्किम एक प्रेरणादायी उदाहरण हो। सिक्किम भारतको पहिलो अनि सम्पूर्ण जौविक राज्य हो।

कार्यक्रममा अन्यहरूको साथमा सिक्किम प्रदेश भाजपा अध्यक्ष डीआर थापाको विशेष उपस्थिति रहेको थियो।

## 3. IMPCC Pakyong - Desk

सिक्किममा केन्द्रीय सरकारको पहल र योजनाहरूको प्रभावकारी प्रसारलाई प्रवर्द्धन र समन्वय गर्ने आफ्नो निरन्तर प्रयासको एक भागको रूपमा, पत्र सूचना कार्यालय, गान्तोकले आज समेकित क्षेत्रिय कौशल विकास केन्द्र CRC मा अन्तर-मिडिया प्रचार समन्वय समिति (IMPCC) को बैठक आयोजना गर्‍यो। बैठकको अध्यक्षता आकाशवाणी र दूरदर्शन,

गान्तोकका क्लस्टर प्रमुख नीरज पाण्डेले गर्नुभएको थियो भने बैठकको समन्वय पत्र सूचना कार्यालय र आकाशवाणी, प्रादेशिक समाचार एकांश, गान्तोकका सहायक निर्देशक मानस प्रतिमा शर्माले गर्नुभएको थियो। कार्यक्रममा पाकिम जिल्लाका वरिष्ठ प्रहरी अधीक्षक पारु रुचाल र सिक्किम CRC का निर्देशक पुष्पाञ्जली गुप्ता विशेष अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। अन्तर-मिडिया प्रचार समन्वय समिति IMPCC ले सिक्किममा भारत सरकारका विभिन्न मन्त्रालय, विभाग र संस्थाहरू बीच समन्वय गरी सरकारी योजना र कार्यक्रमहरूबारे जानकारी प्रसारण गर्न एक मञ्चको रूपमा काम गर्दछ।

## 4. ITM  Preparatory Meeting 2025 -  IPR

मुख्य सचिव आर तेलङले आज १३औँ अन्तर्राष्ट्रिय पर्यटन महोत्सव (ITM) २०२५ को तयारीको समीक्षा गर्न बैठकको अध्यक्षता गर्नुभयो। आगामी नोभेम्बर १३ देखि १६ सम्म पेलिङ र गेजिङमा आयोजना हुन तय भएको यो कार्यक्रम भारत सरकारको पर्यटन मन्त्रालयले सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागसँगको सहकार्यमा आयोजना गरिरहेको छ।

## 5. Agriculture Department – Pakyong - Desk

पाकिम जिल्लाको क ृषि विभागद्वारा आयोजित पाकिम याक्तेन ग्राम पञ्चायत एकाइमा "मेरी पलिसी मेरी हात" विषयवस्तु अन्तर्गत प्रधानमन्त्री फसल बीमा योजना (PMFBY) सम्बन्धी खण्ड-स्तरीय जागरूकता कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा किसानहरूलाई प्रधानमन्त्री फसल बीमा योजना PMFBY अन्तर्गतका लाभहरू, दावी प्रक्रियाहरू बारे जागरूकता सिर्जना गरिएको थियो।

## 6. Sikkim Women’s Cricket – Dilli Ram Dulal

सिक्किमको सिनियर महिला क्रिकेट टोलीले भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) द्वारा आयोजित सिनियर महिला T20 ट्रफी २०२५-२६ को प्लेट डिभिजन जितेको छ। यो पुरुष र महिला दुवै वर्गमा सिक्किमको पहिलो राष्ट्रिय क्रिकेट उपाधि हो। उल्लेख्य, सिक्किम प्रतियोगिता अवधिभरि अपराजित रह्यो।  अरुणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड र सिक्किमले प्रतिस्पर्धा गरेको प्लेट डिभिजन एकल राउन्ड-रोबिन ढाँचामा सञ्चालन गरिएको थियो। सिक्किम १६ अंकका साथ लिग तालिकामा शीर्ष स्थानमा रह्यो।

यस ऐतिहासिक उपलब्धिको सम्मानमा, सिक्किम क्रिकेट संघ (SICA) ले विजेता टोलीका खेलाडी र सहयोगी कर्मचारीहरूलाई ६ लाख रुपैयाँ पुरस्कारको घोषणा गरेको छ। साथै भोलि, शनिबार रम्फुमा भव्य स्वागत समारोह आयोजना गरिने पनि बताइएको छ।